नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

# पाटन संग्रहालय विकास समिति

## पदपूर्ति उप समितिको सूचना

## कर्मचारी आवश्यकता

नेपाल सरकारवाट गठित यस विकास समितिमा रिक्त देहायका पदहरु खुला प्रतियोगितात्मक परीक्षाबाट स्थायी पूर्ति गर्नुपर्ने भएकोले निम्न वमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट पदपूर्ति उपसमितिद्वारा स्वीकृत फाराम भरी दरखास्त आह्वान गरिन्छ ।

सूचना नं.१/०७०-७१

| क्र.स. | विज्ञापन नं. | पदको नाम र श्रेणी | पदपूर्तिको तरिका | माग पद संख्या | परीक्षा कार्यक्रम |
|---|---|---|---|---|---|
| १ | १/०७०/७१ | ग्यालरी इन्चार्ज, रा.प.अनं. प्रथम वा सो सरह (प्रा.) शिक्षा सेवा, पुरातत्व समुह, संग्रहालय उपसमुह | खुला | १ (एक) | सम्पर्क मितिमा जानकारी गराइनेछ । |
| २ | २/०७०/७१ | संचार प्राविधिक सहायक, , रा.प.अनं. प्रथम श्रेणी वा सो सरह (प्रा.) विविध सेवा | खुला | १ (एक) | |
| ३ | ३/०७०/७१ | खरिदार रा.प.अनं. द्वितीय, वा सो सरह (प्र), सामान्य प्रशासन समुह, | खुला | १ (एक) | |
| ४ | ४/०७०/७१ | खरिदार रा.प.अनं. द्वितीय, वा सो सरह (प्र), सामान्य प्रशासन समुह, | महिला | १ (एक) | |
| ५ | ५/०७०/७१ | सहलेखापाल प्रशासन सेवा, रा.प.अनं. द्वितिय, वा सो सरह लेखा समुह | खुला | १ (एक) | |

परीक्षाको किसिम : लिखित, प्रयोगात्मक र अन्तवार्ता

दरखास्त दिने स्थान : पाटन संग्रहालय विकास समिति, पाटन दरवार, मंगलबजार, ललितपुर

दरखास्त दस्तुर : रा.प.अनं. प्रथम श्रेणीका लागि रु.४००।- (चार सय मात्र) र रा.प.अनं.द्वितीय श्रेणीका लागि रु.३००।- (तीन सय मात्र) परीक्षा

दस्तुर बुझाउनु पर्ने । विज्ञापन नं ३/०७०/७१, ४/०७०/७१ र ५/०७०/७१ को लागि प्रत्येयक पदको थप दस्तुर रु. १५०।- (एक सय पचास मात्र) लाग्ने छ ।

दरखास्त दिने अन्तिम मिति : पहिलो पटक प्रकाशित भएको मितिले २१ दिन र दोव्वर दस्तुर ७ दिन भित्रमा ।

सम्पर्क मिति : दरखास्त बुझाउने अन्तिम मितिको भोली पल्ट ।

लिखित परीक्षा हुने मिति र स्थान : तोकिए वमोजिम हुनेछ ।

प्रयोगात्मक/अन्तवार्ता हुने मिति : लिखित परीक्षाको नतिजा सँगै पाटन संग्रहालयको सूचना पाटीमा टाँसिने छ ।

पदमा रही गर्नु पर्ने काम : समितिबाट स्वीकृत कार्य विवरण अनुसार हुनेछ ।

तलव : समितिको प्रचलित नियम वमोजिम हुनेछ ।

**आवश्यक न्यूनतम शैक्षिक योग्यता :**

| विज्ञापन नं. | पद | न्यूनतम योग्यता |
|---|---|---|
| १/०७०/७१ | ग्यालरी इन्चार्ज, रा.प.अनं.प्रथम श्रेणी वा सो सरह (प्रा), शिक्षा सेवा, पुरातत्व समुह संग्रहालय उपसमुह | मान्यता प्राप्त शिक्षण संस्थाबाट इतिहास वा संस्कृति मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण । |
| २/०७०/७१ | संचार प्राविधिक सहायक, रा.प.अनं. प्रथम श्रेणी वा सो सरह (प्रा.) सरह, विविध सेवा | मान्यता प्राप्त शिक्षण संस्थाबाट सूचना प्रविधि (Bsc. IT) स्नातक तह उत्तीर्ण वा सो सरह उत्तीर्ण । |
| ३/०७०/७१ | खरिदार, रा.प.अन. द्वितीय श्रेणी वा सो सरह (प्र.) सरह, प्रशासन सेवा, सामान्य प्रशासन समुह | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण । |
| ४/०७०/७१ | खरिदार, रा.प.अन. द्वितीय श्रेणी वा सो सरह (प्र.), सरह प्रशासन सेवा, सामान्य प्रशासन समुह | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण । |
| ५/०७०/७१ | सहलेखापाल, रा.प.अनं. द्वितिय, श्रेणी वा सो सरह सरह, प्रशासन सेवा, लेखा समुह | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण । |

**द्रष्टव्य :**

(क) दरखास्त साथ शैक्षिक योग्यता प्रमाण पत्रहरु (अ) लब्धांकपत्र (आ) चारित्रिक प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाणपत्र समेतको प्रतिलिपि एवं कार्यालयमा दरखास्त दस्तुर बुझाएको

नगदी रसिद पेश गर्नु पर्नेछ । प्रमाणपत्रका प्रतिलिपिमा उम्मेदवार स्वयंले सक्कल वमोजिम नक्कल ठीक छ भनी दस्तखत गर्नु पर्नेछ ।

(ख) दरखास्त दिने अन्तिम मिति सम्ममा सेवा, समूह सम्बन्धी ऐन, नियम अनुसार उमेर पुगेको र उमेरको हद ननाघेको हुनु पर्नेछ । वहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन । खुला प्रतियोगिताद्वारा पदपूर्ति हुने पदहरुका लागि दरखास्तको अन्तिम मिति सम्म १८ वर्ष उमेर पूरा भएको ३५ वर्ष ननाघेको हुनु पर्नेछ । महिला उम्मेदवार र अपाङ्ग उम्मेदवार को हकमा दरखास्तको अन्तिम मितिसम्म ४० वर्ष ननाघेको हुनु पर्नेछ ।

(ग) दोव्वर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, तालिम, अनुभव तथा नोकरी अवधिको प्रयोजनका लागि गणना गरिने छैन ।

(घ) पाटन संग्रहालय कर्मचारी प्रशासन विनियमावली २०७० वमोजिम अयोग्य नभएको हुनु पर्नेछ ।

(ङ) समितिद्वारा तोकिएको म्याद भित्र दाखिल नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नवुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

(च) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनुभन्दा कम्तिमा ७ (सात) दिन अगावै समितिमा सम्पर्क राख्नु पर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन समिति वाध्य हुने छैन ।

(छ) दरखास्त फारामको नमुना पाटन संग्रहालयको Website: www.patanmuseum.gov.np बाट खुलाका लागि निर्धारण गरिएको दरखास्त फाराम Download गरी आवश्यक विवरण भरी तोकेको कागजात सहित साधारण फाइलमा विज्ञापन नम्वर, सेवा, समूह, उपसमूह र उम्मेदवारको नाम, थर लेखी फाइलमा नत्थी गरी A4 साइजको पेपरमा दिएको साइजमा फरक नपारी फोटोकपी गरी, कम्प्युटर टाइप गरी वा समितिको कार्यालयमा मौज्दात रहेसम्म फाराम प्राप्त गरी विवरण भरी बुझाउन सकिनेछ । तर हातले उतार गरी लेखेको दरखास्त फारामलाई मान्यता दिइने छैन ।

(ज) विज्ञापन नं.३/०७०/७१, ४/०७०/७१ र ५/०७०/७१ को परीक्षा संयुक्त रुपमा एकै सिटिङ्गमा लिइनेछ ।

(झ) विज्ञापन नं.३/०७०/७१, ४/०७०/७१ र ५/०७०/७१ अनुसारको दरखास्त बुझाउने उम्वेदवारहरुका लागि दरखास्त फारमको पहिलो पाना छुट्टाछुट्टै भर्नु पर्नेछ, तर रोल नं. र प्रवेश पत्र भने एउटामात्र प्रदान गरिने छ ।

(ञ) पाठ्यक्रम तथा नियमावली पाटन संग्रहालयको Website: www.patanmuseum.gov.np बाट Download गर्न सकिनेछ ।

(त) प्रचलित कानुनले अयोग्य ठहर नभएको हुनु पर्नेछ ।

नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

# पाटन संग्रहालय विकास समिति

## पदपूर्ति उप समितिको सूचना

## कर्मचारी आवश्यकता

नेपाल सरकारवाट गठित यस विकास समितिमा रिक्त देहायका पदहरु खुला प्रतियोगितात्मक परीक्षाबाट स्थायी पूर्ति गर्नुपर्ने भएकोले निम्न वमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट पदपूर्ति उपसमितिद्वारा स्वीकृत फाराम भरी दरखास्त आह्वान गरिन्छ।

सूचना नं.१/०७०-७१

| क्र.स. | विज्ञापन नं. | पदको नाम र श्रेणी | पदपूर्तिको तरिका | माग पद संख्या | परीक्षा कार्यक्रम |
|---|---|---|---|---|---|
| १ | १/०७०/७१ | ग्यालरी इन्चार्ज, रा.प.अनं. प्रथम श्रेणी वा सो सरह (प्रा.) शिक्षा सेवा, पुरातत्व समुह संग्रहालय उपसमुह | खुला | १ (एक) | सम्पर्क मितिमा जानकारी गराइनेछ। |
| २ | २/०७०/७१ | संचार प्राविधिक सहायक, रा.प.अनं. प्रथम श्रेणी वा सो सरह (प्रा.) श्रेणी, विविध सेवा | खुला | १ (एक) | |
| ३ | ३/०७०/७१ | खरिदार रा.प.अनं. द्वितीय श्रेणी वा सो सरह (प्र), सामान्य प्रशासन समुह, | खुला | १ (एक) | |
| ४ | ४/०७०/७१ | खरिदार रा.प.अनं. द्वितीय श्रेणी वा सो सरह (प्र), सामान्य प्रशासन समुह, | महिला | १ (एक) | |
| ५ | ५/०७०/७१ | सहलेखापाल, रा.प.अनं. द्बितिय श्रेणी, वा सो सरह प्रशासन सेवा, लेखा समुह | खुला | १ (एक) | |

परीक्षाको किसिम : लिखित, प्रयोगात्मक र अन्तवार्ता

दरखास्त दिने स्थान : पाटन संग्रहालय विकास समिति, पाटन दरवार, मंगलबजार, ललितपुर

दरखास्त दस्तुर : रा.प.अनं. प्रथम श्रेणीका लागि रु.४००।- (चार सय) र रा.प.अनं.द्वितीय श्रेणीका लागि रु.३००।- (तीन सय) परीक्षा दस्तुर वुझाउनु पर्ने। विज्ञापन नं ३/०७०/७१, ४/०७०/७१ र ५/०७०/७१ को लागि प्रत्येयक पदको थप दस्तुर रु. १५०।- (एक सय पचास मात्र) लाग्ने छ।

दरखास्त दिने अन्तिम मिति : पहिलो पटक प्रकाशित भएको मितिले २१ दिन र दोव्वर दस्तुर ७ दिन भित्रमा।

सम्पर्क मिति : दरखास्त बुझाउने अन्तिम मितिको भोली पल्ट।

लिखित परीक्षा हुने मिति र स्थान : तोकिए वमोजिम हुनेछ।

अन्तवार्ता/प्रयोगात्मक हुने मिति : लिखित परीक्षाको नतिजा सँगै पाटन संग्रहालयको सूचना पाटीमा टाँसिने छ।

पदमा रही गर्नु पर्ने काम : समितिबाट स्वीकृत कार्य विवरण अनुसार हुनेछ।

तलव : समितिको प्रचलित नियम वमोजिम हुनेछ।

**आवश्यक न्यूनतम शैक्षिक योग्यता :**

| विज्ञापन नं. | पद | न्यूनतम योग्यता |
|---|---|---|
| १/०७०/७१ | ग्यालरी इन्चार्ज, रा.प.अनं. प्रथम श्रेणी वा सो सरह (प्रा.) शिक्षा सेवा, पुरातत्व समुह संग्रहालय उपसमुह | मान्यता प्राप्त शिक्षण संस्थाबाट इतिहास वा संस्कृति मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण। |
| २/०७०/७१ | संचार प्राविधिक सहायक, रा.प.अनं. प्रथम श्रेणी वा सो सरह (प्रा.) श्रेणी, विविध सेवा | मान्यता प्राप्त शिक्षण संस्थाबाट सूचना प्रविधि (Bsc. IT) स्नातक तह उत्तीर्ण वा सो सरह उत्तीर्ण। |
| ३/०७०/७१ | खरिदार रा.प.अनं. द्वितीय श्रेणी वा सो सरह (प्र), सामान्य प्रशासन समुह, | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण। |
| ४/०७०/७१ | खरिदार रा.प.अनं. द्वितीय श्रेणी वा सो सरह (प्र), सामान्य प्रशासन समुह, | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण। |
| ५/०७०/७१ | सहलेखापाल, रा.प.अनं. द्बितिय श्रेणी, वा सो सरह प्रशासन सेवा, लेखा समुह | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण। |

दरखास्त फारम पाटन संग्रहालयको Website: www.patanmuseum.gov.np बाट प्राप्त गर्न सकिनेछ। अन्य थप जानकारीको लागि संग्रहालयको सूचनापाटी वा प्रशासन शाखाबाट प्राप्त गर्न सकिनेछ।